# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः १** **असार ३०,२०७९**

**भाग- २**

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको

## सूचना

# बालश्रम मुक्त नगर घोषणा कार्यविधि,२०७९

**सम्वत २०७९ सालको कार्यविधि नं. १**

प्रस्तावनाः संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यवाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वागीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभगिताको हक प्रत्याभूत गरेको छ । प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय तथा जोखिममा रहेका



मुसिकोट नगरपालिका स्थानीय राजपत्र

बालबलिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संवैधानिक हकको व्यवस्था समेत गरेको छ ।
बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन २०५६ मा अठार वर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाउने व्वस्था छ । श्रम ऐन २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने व्वस्था गरेको छ । यसैगरी बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स.२०८२ सम्मा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको छ । संविधान, विभिन्न नीति तथा ऐन कानूनहरुमा बाल अधिकारहरु सुनिश्चित गर्न गरिएका प्रावधानहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न गराउनका लागि नगरपालीकाले आफ्नो क्षेत्रमा बाल अधिकारको सुनिश्चता तथा बालश्रमको अन्त्य गर्दै नगरलाई बालश्रम मुक्त गर्न आवश्यक भएकोले, मुसिकोट नगरपालिकाले प्राशासकीय कार्यविधि (नियमित गर्ने) २०७४ को दफा ४ बमोजिम "बाल श्रममुक्त नगर घोषणा सम्वन्धी कार्यविधि, २०७९" तयार गरी जारी गरेको छ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल श्रममुक्त नगर घोषणा सम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "बालबालिका" भन्नाले अठार वर्ष पुरा नगरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालीकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

(ङ) "बालश्रम" भन्नाले कानूनले तोकेको उमेर नपुगेका केटा वा केटी दुवैलाई जनाउने छ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(च) "संरक्षक" भन्नाले बुबा आमा, एकाघरमा बसोवास गर्ने बाजे बज्यै (माउली घरका समेत) दाजु भाउजु र काकाकाकी लगायत संरक्षण गर्ने व्यक्तिलाई जनाउने छ ।

(छ) "प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सो सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन वा नगरपालिकामा दर्ता भई वा नभई स्थापित तथा सञ्चालित कुनै कल कारखाना, व्यवसाय, संगठन, संस्था, फर्म, कम्पनी वा तिनीहरुको समूह तथा अनौपचारिक रूपमा सञ्चालित कार्यस्थललाई सम्झनु पर्दछ ।

(ज) "बालश्रम अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

# परिच्छेद- २

# उद्देश्य र लक्षित समुह

**३. उद्देश्यः**

(क) बालश्रम अनुगमन सम्बन्धी कार्यको संयन्त्र, विधि र प्रक्रिया परिभाषित गर्न एवं सम्बन्धित सबै सरोकारवालाहरूको भूमिका प्रष्ट पार्न र परिचालित हुन,

(ख) नगरपालिकामा बालश्रम अनुगमन सम्बन्धी कार्य सम्पादन गर्न, प्रचलित कानून विपरीत श्रममा संलग्न

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

गराइएका बालबालिकाको उद्धार गरी उनीहरूलाई परिवार तथा समुदायमा पुनर्मिलन, पुनर्एकिरण एवं पुनस्थापना गर्न,

(ग) नगरपालिकामा बालश्रम निराकरण, न्यूनीकरण र नियमन गर्ने उद्देश्यले नगरपालिकालाई बालश्रम मुक्त घोषणा गर्नको लागि आधार तय गर्न र

(घ) कानून विपरीत बालबालिकालाई श्रममा लगाउने व्यक्ति, व्यवसायी, प्रतिष्ठानलाई कानूनी दायरामा ल्याउन ।

४. **लक्षित समुहः** बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

(१) घरेलु बालश्रम,

(२) बाल भरिया,

(३) कृषि तथा पशुपालन बालश्रम,

(४) लागु पदार्थ संङकलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(५) बुनाई बालश्रम,

(६) ईट्टा उद्योगको बालश्रम,

(७) खानी क्षेत्रको बालश्रम,

(८) मनोरञ्जन क्षेत्रको बालश्रम,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(९) यातायात क्षेत्रको बालश्रम,

(१०) जरी तथा बुट्टा भराइमा संलग्न बालश्रम,

(११) छिमेकी देशमा पुर्याइएका बालश्रम,

(१२) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम,

(१३) सडक व्यापारमा संलग्न बालश्रम,

(१४) जडीबुटी संकलन गर्ने बालश्रम,

(१५) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

(१६) होटल रेष्टुराका बालश्रम

## परिच्छेद ३
## बालश्रम मुक्त घोषणाका सूचक

५. **सूचकहरु :** बालश्रम मुक्त नगरपालिका घोषणाका लागि देहाय बमोजिमका सूचकहरु न्यूनतम मापदण्डका रुपमा रहनेछन ।

(१) अद्यावधि तथ्यांक र अभिलेखिकरण :

(क) नगरपालिमा जन्मेका सवै बालबालिकाको जन्म दर्ताको विवरण,

(ख) अनूसूची १ बमोजिम सर्वेक्षण गरेको हुनुपर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र रहेका बालश्रसंग सम्वन्धित विभिन्न सरोकारवालाहरु (स्थानीय प्रशासन, विद्यालय,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बालक्लव, हेल्पालाईन आदी) को सूचीकरण एवं नक्साङ्कन गरेको,

(घ) बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरुवाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र ।

(२) नगरपालिकाले बालश्रम निवारणाको लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषयमा समावेश भएको हुनुपर्ने छ ।

(३) नगरपालिकाले बालश्रम सम्वन्धी देहाय बमोजिमका कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनुपर्ने ।

(क) बालश्रम निवारण सम्वन्धी चेतनामूलक र मनोपरामर्श सम्वन्धी कार्यक्रम,

(ख) बालश्रमीक सम्वद्ध वा बालश्रमको जोखिममा रहेका बालबालिकाको परिवारका लागि वैकल्पिक आयआर्जन कार्यक्रम,

(ग) पढाई नियमित नभएका (१५ देखि १८ वर्ष सम्मका) बालश्रमिकका लागि सिपमुलक कार्यक्रम,

(घ) बालश्रम विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(च) बालश्रम सम्वन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनस्थापना तथा पुनर्मिलन सम्वन्धी कार्यक्रम,

(छ) बालश्रमीकको शैक्षिक विकास कार्यक्रम ।

(४) बालश्रम निवारण सम्वन्धी खण्ड (३) मा उल्लेखित कार्यक्रम संचालनका लागि नगरपालिकाले बजेट विनियोजन गरेको हुनु पर्ने ।

(५) संस्थागत व्यवस्थाः

(क) बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी /बालकल्याण अधिकारी वा शाखाको व्यस्था

(ख) बालश्रम निवारणका लागि वडा स्तरमा बालअधिकार एवं बाल संरक्षण समिति गठनका साथै सक्रिय बालक्लव र अन्य सञ्जालको विकास,

(ग) बालमैत्री स्थानीय समिति गठन भएको,

(घ) बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र,

(ङ) उद्धार गरीएका बालबालिकालाई राख्नका लागि व्यवस्थापन गर्ने व्यवस्था भएको।

(६) शिक्षाको अवस्था

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(क) विद्यालय जाने उमेरका बालबालिकाको विद्यालय भर्ना दर कम्तिमा ९५ प्रतिशत

(ख) विद्यालय छोडनेको दर घट्दो हुनुपर्ने ।

(ग) विद्यालयमा बालबालिकाको नियमित शिक्षाका लागि विद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (parenting Education) कार्यक्रम संचालन भएको ।

(७) सहयोग, समन्वय र सहकर्यको व्वस्थाः

(क) नगरपालिकाले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, श्रमीक संगठन, नागरिक समाज, गैरसरकारी संस्थासंग बालश्रम निवारणका लागि सहयोग, समन्वय र सहकार्य गरेको हुनुपर्ने ।

(ख) नगरपालिकाले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्वन्धीत मन्त्रालयहरुमा सूचना आदान प्रदान, कार्यक्रम सन्चालन, आवश्यक श्रोत सम्वन्धमा सहकार्य गरेको हुनुपर्ने ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

## परिच्छेद-४

## श्रोत व्यवस्थापन

**६. बालश्रम मुक्तका लागि श्रोत व्यवस्थापन :**

बालश्रम मुक्त कार्यक्रमका संचालन गर्नका लागि संघीय सरकार श्रम तथा रोजगार तथा सामाजिक मन्त्रालय, कर्णाली प्रदेश सरकारवाट आवश्यक बजेट उपलब्धताका लागि आवश्यक पहल गरिनेछ । नगरपालिकाले नियमित रुपमा बालश्रम मुक्त कार्यक्रमका संचालन गर्न बजेटको व्यवस्था गर्ने छ

## परिच्छेद-५
## अनुगमन तथा मुल्यांकन

७. **बालश्रम अनुगमन समिति गठन** : (१) नगरपालिका तहमा देहाय बमोजिमको ११ सदस्य रहेको बालश्रम अनुगमन समिति गठन गरिने छ ।

(क) उप प्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयका अधिकृत स्तर प्रतिनिधि — सदस्य

(घ) नगरमा रहेका नेपाल प्रहरीका अधिकृत स्तर प्रतिनिधि — सदस्य

(ङ) कार्यपालिकाका सदस्य मध्येबाट १ जना — सदस्य

(च) वडा अध्यक्षहरु मध्येबाट १ जना — सदस्य

(छ) बालकल्याण अधिकारी — सदस्य

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(ज) बालक्लब सदस्यहरुबाट १ जना सदस्य

(झ) सामाजिक विकास समिति सदस्य

(ञ) बाल अधिकारमा कार्यरत संघ संस्थाका प्रतिनिधि सदस्य

(ट) स्थानिय पत्रकार प्रतिनिधि १ जना सदस्य

(ठ यातायात ब्यवसायी समिति प्रतिनिधि १ जना सदस्य

(ड) होटल व्यवसायी संघ १ जना सदस्य

(ढ) उद्योग वाणिज्य प्रतिनिधि संघ १ जना सदस्य

(ण) कानून अधिकृत सदस्य

(त) महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा सदस्य सचिव

८. **समितिको बैठक सम्वन्धी व्यवस्था** ।

(१) बालश्रम समन्वय तथा अनुगमन समितिको बैठक २ महिनाको एक पटक बस्ने छ । सदस्य सचिवले बैंठक बस्नुभन्दा कम्तीमा एक दिन अगावै सदस्यहरूलाई जानकारी दिनु पर्छ ।

(२)समितिको बैंठकको लागि तत्काल कायम रहेका सदस्यहरूको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक मानिनेछ । समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(३) समितिको निर्णय सदस्य—सचिवले उतार गरी प्रमाणित गरी अभिलेख राख्नेछन् ।

(४) समितिले बैंठक सम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गरी व्यवस्थित गरे बमोजिम हुनेछ

९. **अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : (१) बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बालश्रम न्यूनीकरण सम्बन्धी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने ।

ख) बालश्रमको अवस्था तथा सूचकहरु पुर भए नभएको अनुगमन गर्ने ।

ग) आवश्यक तथ्यांक संकलन गरी बालश्रमको अवस्था विश्लेषण गर्ने ।

घ) सरोकारवालाहरुको सहभागितामा बालश्रम न्यूनीकरण सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

ङ) बालश्रममुक्त नगरपालिका घोषणा कार्यका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि पहल गर्ने ।

च) श्रमीक बालवालिका अभिभावकहरुलाई रोजगारमा जोडनका लागि आवश्यक पहल गर्ने ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

छ) बालश्रममुक्त नगरपालिका घोषणा कार्यमा सहयोग पुरयाउने निकायहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

ज) बालश्रममुक्त नगरपालिका घोषणा कार्यसंग सम्वन्धित वडा स्तरमा रहेका संस्थागत संरचाहरुलाई क्रियाशिल बनाउने ।

झ) बालश्रम सम्बन्धी तथ्याङ्क व्यवस्थित गर्न कम्प्युटरमा आधारित सूचना प्रणालीको स्थापना गर्ने,

ञ) कानून विपरीत बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गरेका घर, उद्योग, प्रतिष्ठानका मालिकलाई कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने तथा नगरपालिकाले निज रोजगारदातालाई प्रदान गर्ने सेवा, सिफारिस दिन कडाइ गर्ने,

१०. **बालश्रम अनुगमन वडा स्तरीय समितिको गठन** : (१) नगरपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको एक वडास्तरीय बालश्रम अनुगमन समिति गठन गरिनेछ ।

(क) वडा अध्यक्ष वा वडा सदस्यहरु मध्येबाट तोकिएका १ जना — संयोजक

(ख) बालक्लब सदस्यहरु मध्येबाट १ जना — सदस्य

(ग) शिक्षक प्रतिनिधि १ जना — सदस्य

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(घ) बालबालिकाको अधिकारका क्षेत्रमा क्रियाशिल गैसस मध्ये वडा समितिले तोकेको प्रतिनिधि १ जना सदस्य

(ङ) स्थानीय वडा प्रहरी कार्यालयका प्रमुख सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

११. **वडास्तरीय बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : (१) वडास्तरीय बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो वडामा श्रमिकका रूपमा बालबालिका कार्यरत रहेको क्षेत्रको पहिचान गर्ने, बालश्रम सम्बन्धी तथ्याङ्क संकलन गर्ने तथा त्यसलाई अभिलेखीकरण गर्ने,

(ख) वडास्तरमा बाल श्रम सम्बन्धी तथ्याङ्क व्यवस्थित एवं अद्यावधिक गरी राख्ने र सोको प्रति नगरपालिका स्तरीय समिति समक्ष पेश गर्ने,

(ग) वडाभित्र श्रममा संलग्न बालबालिकाको अवस्थाबारे नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन नगरस्तरीय बालश्रम अनुगमन समिति समक्ष पेश गर्ने,

(ङ)बालअधिकार बारे तथा बालश्रमविरूद्ध जनचेतना जगाउने खालका कार्यक्रम तथाअभियान सञ्चालन गर्ने र सोका लागि सरोकारवाला निकाय वा संस्थासँग समन्वय र सहकार्य गर्ने,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(च) कानून विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको हकमा नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिको निर्णय अनुरूप उद्धार गर्नमा, अस्थायी बसोबास प्रबन्ध गर्नमा, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनस्थापना कार्यमा सहयोग गर्ने, गराउने,

(झ) नगरपालिका स्तरीय बालश्रम अनुगमन समितिले निर्देशन दिए अनुरूपका अन्य काम ।

## परिच्छेद-६
## घोषणा प्रक्रिया

१२. नगरपालिकाको वडा समितिले परिच्छेद ३ मा उल्लेखित सूचक पुरा गरी नगर प्रमुख समक्ष बालश्रममुक्त वडा घोषणा गर्न निर्णय सहित सिफारिस गर्नेछ ।

१३. निवेदन प्राप्त भए पश्चात अनुगमन समितिले अनुगमन गर्ने छ ।

१४. अनुगमन समितिले १५ दिन भित्र अनुगमन गरी अनुगमन प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने छ ।

१५. अनुगमन समितिको अनुगमन प्रतिवेदनका आधारमा नगर कार्यपालिका बैठकको निर्णयवाट नगर पालिकाले बालश्रममुक्त वडा घोषणा गर्न सक्नेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

१६. नगरपिलकाको सवै वडा बालश्रममुक्त घोषित भई सके पछि परिच्छेद ३ मा उल्लेखित सूचकका आधारमा नगर कार्यपालिकाको प्रस्तावमा नगर सभाले बालश्रम मुक्त नगरपालिका घोषणा गर्न सक्नेछ ।

१७. बालश्रम मुक्त नगरपालिका घोषणा भइसके पश्चात त्यसको दिगोपना सम्वन्धी कार्यक्रम सन्चालनका लागि नगरपालिकाले बालश्रम निवारण कोषको स्थापना गर्न सक्ने छ ।

## परिच्छेद-७
## विविध

१८. **सूचक थप गर्न सक्नेः** यो कार्यविधिको मुल भावना र मर्म विपरित नुहने गरी नगर कार्यपालिका बैठकले अतिरिक्त सूचक बनाई कार्यान्वयन गर्न सक्ने छ ।

१९. **संशोधन सम्वन्धी व्यस्थाः** यो कार्यविधिको संशोधन नगर कार्यपालिकाले गर्न सक्ने छ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूची - १

## (दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्वन्धित

## बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण

स्थानीय तहको नामः

१. जानकारी

क. वडा नं. ...  ख. घर नं. ...

ग ..  घ. ५ देखि १८ वर्ष सम्मका बालबालिकाको संख्याः ..

२. पारिवारिक जानकारी

क. पारिवारिक विवरण

| सि. नं | परिवारको सदस्यको नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

ख. ५ वर्ष भन्दा माथिका पारिवारिक सदस्यको शिक्षाको अवस्था

| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| प्रश्न | कुनै भाषा पढन र लेख्न सक्नु हुन्छ ?<br>१. सक्छु<br>२. सक्दिन | यस वर्ष कुनै विद्यालय वा प्रारम्भिक विद्यालय जानुभएको छ ?<br>१.छु<br>२. छैन | कहिले विद्यालय जानु भएको छ ?<br>१.छु<br>२. छैन | विद्यालय नजानुको कारण ? | कति कक्षासम्म पढनु भएको छ ?<br>१.छु<br>२. छैन |
| | | | | | |
| | | | | | |
| | | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

ग. आर्थिक अवस्थाः

| | ६ | ७ | ८ | ९ | १० | | ११ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र कम्तिमा १ घण्टा कुनै रोजगार वा काममा संलग्न हुनुहुन्थ्यो ? | एक हप्ताको भित्र निम्न लिखित काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>१. व्यवसाय तलब/ज्याला आउने काममा<br>२.तलब/ज्याला आउने घरेलु काममा<br>३. तलब/ज्याला नलिई घरेलु काममा सहयोग<br>४. आफ्नै घरको प्लट वा फर्ममा सहयोग<br>५. आफ्नै घरको प्लट वा व्यवसायको निर्माण वा मर्मत सम्भार सम्वन्धी कार्य | एक हप्ता भित्र कुनै काम वा व्यवसायमा संलग्न नभएतापनि कुनै काम वा व्यवसायमा फर्कन चाहनुहुन्छ ? | कस्तो प्रकारको काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>१. रोजगारदाता<br>२. श्रमीक<br>३. स्वरोजगार<br>४. पारिवारिक काम<br>५. अन्य | मुख्य कामवाट मासिक पारिश्रमीक | | अन्य सुविधा सञ्चय कोषको विमा विरामी विदा |
| | | | | | आधारभुत पारिश्रमीक | महंगी भत्ता | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

| | १२ | १३ | १४ | १५ | | १६ | | १७ | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र मुख्य पेशा वा व्यवसाय बाहेक अन्य कुनै काम गर्नु भयो ?<br>१. गरे<br>२गरिन | गएको हप्ताको प्रत्येक दिनहरुमा जम्मा कति घण्टा काम गर्नुभयो ? | पहिलो पटक कति वर्षको हुंदा काम वा व्यवसाय सुरुवात गर्नुभयो ? | रोजगारी सम्वन्धी प्रश्न | | घरायसी कार्य ( बालबालिका ५-१७ वर्षकालाई मात्र) | | काम गर्ने बालक/ बालिकाको बारेमा अभिभावक वा संरक्षकको धारणा वा बुझाई | |
| | | | | गएको हप्तामा कुनै | कति समयदेखी कामको | वितेको हप्ता मध्य कुनै घरायसी | वितेको हप्ता कति घण्टा | बालक/ वालिकाले कामवाट समस्या | बालक/ वालिकालाई काम गर्न |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कामको खोजिमा हुनुहुन्थ्यो ?<br>१. थिए<br>२. थिइन | खोजीमा हुनुहुन्छ ? | कार्य गर्नु भयो ?<br>१. गरे<br>२. गरिन | घरायसी काममा संलग्न हुनुभयो ? | भोगेको छ<br>१.छ<br>२. छैन | दिनु वा काममा लगाउनुको मुख्य कारण के हो |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| घरायसी कार्यः किनमेल, घरायसी समान मर्मत, खाना पकाउने भाडा वर्तन माझ्ने, लुगा धुने, बालबालिका हेर्ने, विरामी तथा बृद्ध बृद्धाको हेरचाह सम्वन्धी कार्य, अन्य घरायसी कार्य | | | | | | | | | |

## घ. घरायसी घरधुरी विवरण

| १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
|---|---|---|---|---|---|---|---|---|---|
| तपाइको घर कस्तो प्रकारको घर हो ? | घरको स्वामित्व ?<br>१. परिवारको | उर्जाको मुख्य श्रोत ? | खानेपानीको मुख्य श्रोत ?<br>१. घरभित्रै | तपाईको परिवारको सदस्यको | परिवारको सदस्यको नाममा | परिवारले कुनै बच्चालाई | तपाईको परिवारको मासिक | तपाइको परिवारको आम्दानीको | तपाइको परिवारको मासिक |

मुस्कोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १अपार्टमेन्ट / फल्याट<br>२. निजी घर<br>३. नीजी घरको भाग<br>४. मोवाइल घर टेन्ट/क्याराभान<br>५. बस्ने उद्धेश्यका लागि नवनाइएको आश्रय स्थल<br>६. झुपडी घर<br>७. अन्य | सदसयको नाममा भएको<br>२. साझा घर<br>३.निःशुल्क रुपमा बनाएको<br>४ रोजगारदाताको<br>५. भाडामा<br>६. अन्य | १. दाउरा<br>२. कोइलाला<br>३.मट्टीतेल<br>४. ग्यास<br>५. विद्युत<br>६. सौर्य उर्जा<br>७. अन्य | पाइपवाट<br>२. घर बाहीर पाइपवाट<br>३. टयाङ्कर<br>४.नदी/खोला<br>५.इनार/टयुववेल<br>६. कुवा<br>७. पोखरी<br>८. आकाशे पानी | कसैको नाममा जग्गा छ ?<br>१. छ<br>२.छैन | भएको जग्गाको क्षेत्रफल कति छ ? | परिवारको कसैको नाममा भएको ऋण तिर्नको लागि विद्यालय छोडन लगाउनु भएको छ ? या लगाउदै हुनुहुन्छ | औषत खर्च कति रहेको छ ? | मुख्य श्रोत के हो ? | औषत आम्दानी कती रहेको छ ? |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

ङ ५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| | २८ | २९ | ३० | ३१ | ३२ | ३३ | ३४ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | के तपाई कुनै भाषामा पढन लेख्न सक्नु हुन्छ ?<br>१. सक्छु<br>२. सक्दिन | के तपाईको यो वर्षमा विद्यालय वा पूर्व प्राथमीक विद्यालय जानु भएको छ ? | तपाइको अध्ययनको तह कुन हो ?<br>१. पूर्व प्राथमिक<br>२. प्राथमिक<br>३. माध्यामिक<br>४. उच्च माध्यामिक | तपाइले प्राथमिक कक्षा कति वर्षको उमेरमा शुरु गर्नु भयो ? | गएको हप्तामा कुनै दिन विद्यालय छोडनु भएको छ ?<br>१. छ<br>२. छैन | छोडनु भएको हो भने विद्यालय छोडनुको कारण के थियो ?<br>१. विद्यालय विदा भएर<br>२. शिक्षक अनुपस्थित भएर<br>३. खराव मौसमका कारण<br>४. पारिवारिक बसाइलाई सहयीग गर्नु परेर<br>५. घरमा घरायसी | कहिल्यै विद्यालय जानु भएको छैन भने नजानुको कारण के हो ?<br>१. कम उमेर भएर<br>२. अशक्त विरामी भएर<br>३. विद्यालय छैन टाढा भएर<br>४. विद्यालय शुल्क तिर्न  नसकेर |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | काम सहयोग गर्नु परेर<br>६. पारिवारिक व्यवासायका कारण घर बाहिर काम गर्नु परेर<br>७. विरामी वा अशक्तताका कारण<br>८. अन्य | ५. परिवारले पढन अवरोध गरेर<br>६. विद्यालयमा रुची नभएर<br>७. शिक्षमलाई महत्वपूर्ण नठानेर<br>८. विद्यालय सुरक्षित नभएर<br>९. काम सिक्न परेर<br>१०. पैसाको लागि काम गर्न परेर<br>११. पारिवारीक व्यवसायमा ज्याला नलिने कामदारको रुपमा काम गर्न परेर<br>१२. घरायसी |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | काममा सहयोग गर्न परेर<br>१३. अन्य |
| | | | | | | | |
| | | | | | | | |

५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| ३५ | ३६ | ३७ | ३८ | ३९ |
|---|---|---|---|---|
| तापइले विद्यालय बाहिर कहिल्यै व्यवसायीक तालिम लिनु भएको छ ? | सो तालिमको प्रमाणपत्र प्रप्त गर्नु भएको छ ? | कुन विषयमा तालिम लिनु भएको थियो ? | एक हप्ता भित्र कुनै काममा कम्तिमा एक घण्टा संलग्न हुनुहुन्थ्यो । | यी मध्ये कुनै कमा गत हप्ता १ घण्टा गर्नु भएको थियो ?<br>क. कुनै व्यवसाय संचालन आफै वा सहकार्यमा<br>ख. पारिश्रमीक या तलव या पैसाको लागि कुनै काम<br>ग. घरेलु बालश्रम<br>घ. घरायसी व्यवासयलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | | सघाउने काम<br><br>ङ. आफ्नै घरको लागि कुनै कृषि, खाद्य, पशुपालन रेखदेख जस्ता काम<br><br>च. निर्माण र मर्मत सम्वन्धी आफ्नै घरमा काम<br><br>छ. घरको खानाका लागि माछा समात्ने काम<br><br>ज. पानी लिन जाने<br><br>झ. घाँस दाउरा लिन जाने<br><br>ञ. घरायसी प्रयोगका लागि कुनै बस्तु उत्पादन<br><br>ट. अन्य कुनै काम वा व्यवसाय |
| | | | | |
| | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|

## १४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ |
|---|---|---|---|---|---|---|---|---|---|
| गत हप्तामा मुख्य काम बाहेक अन्य कुनै काम गर्नु भएको थियो | गत हप्तामा कति समय काम गर्नु भएको थियो ? | गत हप्ताको कुनै दिन बढीमा कति समय काम गर्नु भएको थियो ? | मुख्य काम कहा गर्नु हुन्थ्यो ? | मुख्य कामका लागि तपाई के गर्नुहुन्थ्यो<br>क. रोजगारदाता<br>ख. आफ्नै खाता भई काम गर्ने<br>ग. श्रमीक<br>घ. पारिवारीक काम | बेलुकी ६ बजेदेखी विहान ६ बजेसम्म काम गर्नुहुन्थ्यो ? | चिकित्सकवाट योग्ताको प्रमाणपत्र लिनु भएको थियो ? | पारिश्रमीक भुक्तातनीको तरीका<br>क. पिस रेट<br>ख. घण्टा<br>ग. दैनिक<br>घ. हप्ता<br>ङ. मासिक<br>च. कार्यगत<br>छ. अन्य | मुख्य काममा सरदर मासिक पारिश्रमीक ? | सञ्चय कोष, उपदान लगायत अन्य विदाहरु पाउनु भएको छ । |
| | | | | | | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

च. व्यवसाय जन्य सुरक्षा र स्वास्थ्य (१४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ |
|---|---|---|---|---|---|
| जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न हुनुहुन्थ्यो ? | काममा कुनै घाउ चोट पटक लागेको थियो ? | कुनै भारी बस्तु उठाउनु परेको थियो ? | कुनै मेसिन औजार चालाउनु परेको थियो ? | निम्न कार्य वातावरणमा काम गर्नु परेको थियो<br>क. धुवाँ धुलो<br>ख. आगो ग्यास र ताप<br>ग. ठुलो आवाज<br>घ. खतरनाक औजार<br>ङ. जमीन मुनी<br>च. उचाईमा<br>छ. पानी परेको तलाउमा<br>ज.अधेरो र सानो कोचिएको ठाँउमा<br>झ. भेन्टिलेषण प्राप्त नभएको | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ठाउँमा<br>ञ. केमिकल भएको ठाउँमा<br>ट. विष्पोटक भएको ठाउँमा<br>ठ. अन्य | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूची -२

## बालश्रम अनुगमन फाराम

फाराम नं.

अनुगमन मितिः

१. श्रमीकको रुपामा काममा लगाईएका बालबालिकाको विवरण

क) नामथरः उमेर : जन्म मिति :

लिङ्ग : बालक ☐ बालिका ☐

ठेगाना :

स्थायी ठेगाना जिल्ला ................. न.पा... ... ........... वडा .... टोल....

अस्थायी ठेगाना जिल्ला ........न.पा. वडा.......टोल.....

ग) राष्ट्रियता : .......

घ) बाबुको नाम ...... जिवित ☐ मृत्यु ☐ छाडेको ☐ ............कति भयो होला कहाँ..... के गर्दै......... सम्पर्क नं.

ङ) आमाको नाम............. जिवित ☐ मृत्यु ☐ छाडेको ☐ छाडेको .......... कति भयो होला कहाँ.......... के गर्दै.................सम्पर्क नं.

च ) सौतेनी आमा वा झडकेलो बाबु भए

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

बाबुको नाम............. जिवित ☐ मृत्यु ☐ छाडेको ☐

........कति भयो होला कहाँ...............के

कर्दै............सम्पर्क नं.

सौतेनी आमाको नाम....... . जिवित ☐ मृत्यु ☐ छाडेको ☐

..कति भयो होला कहाँ........... के

गर्दै......... सम्पर्क नं.

छ) बाबु/ आमा बाहेक अन्य संरक्षणमा भए, सरक्षकको नाम :

ज) बालबालिकाको शैक्षिक अवस्था :

पढेको छ .....छैन....पढाई छाडेको .... पढेको भए कक्षा

....कहिले सम्म.........बिद्यालयको नाम ठेगाना

झ) हुलिया

२. बालबालिकालाई काममा लगाउनेको विवरण

क) बालकलाई काममा लगाएको घरपरिवार, उद्योग, प्रतिष्ठान (सवै प्रकारका कलकारखाना होटेल, रेष्टुरेन्ट, व्यावसाय) को नाम ...... ...........

ख) बालकलाई काममा लगाएको घरपरिवार, उद्योग, प्रतिष्ठानको ठेगाना .......................

ग) घरपरिवार, उद्योग, प्रतिष्ठानको प्रमुख वा व्यवस्थापकको नाम :..........................

घ) ठेगानाः ..................................

ङ) सम्पर्क नम्बर ........................

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

३. बालश्रम सम्बन्धी विवरण

क) बालबालिकालाई काममा लगाउने मितिं ..................

ख) कामको प्रकृति/किसिमको विवरण...............

ग) दैनिक काम गर्नुपर्ने समयः.

घ) आरामको समयः

ङ) हप्ताभर काम गर्नुपर्ने समय (हप्ताभर काम गर्नुपर्ने घण्टामा उल्लेख :

च) मासिक पारिश्रमीक :

४. विदाको किसिम

क) नियमित विदा ☐ ख) सार्बजनिक विदा ☐

ग) घर विदा

घ) विरामी विदा ☐ ङ) किरिया बिदा ☐

च) शैक्षिक विदा

छ) विशेष विदा ☐

५. अन्य सुबिधाहरु

क) उपदान ☐ ख) सञ्चयकोष ☐ ग) बीमा ☐

घ)औषधी उपचार ☐ ङ) खाजा भत्ता ☐ च)दशै भत्ता ☐

छ) अन्य

६. कार्यस्थलको विवरण

क) पिउने पानीको व्यवस्था भएको ☐ नभएको ☐

ख) शौचालयको व्यवस्था भएको ☐ नभएको ☐

ग) काम गर्ने ठाँउमा पर्याप्त हावा प्रकाश र उपयुक्त तापक्रम भएको ☐ नभएको ☐

घ) चमेनागृहको व्यवस्था भएको ☐ नभएको ☐

७. बालकको स्वास्थ्य सम्बन्धी अधिलेख

क) काममा लगाउनु पूर्व स्वास्थ्य परिक्षण गराएको ☐ नगराएको ☐

ख) आबधिक रुपमा स्वास्थ्य परिक्षण गराएको ☐ नगराएको ☐

८. स्वीकृतिको अवस्था

क) श्रम मन्त्रालयवाट स्वीकृति लिएको ☐

नलिएको ☐

ख) आम बुबा वाट स्वीकृति लिएको ☐

नलिएको ☐

९. काममा ल्याईदिने वा सिफारीस गर्ने व्यक्तिको विवरण

क) नामथरः..................

ख)ठेगाना :...................

ग) सम्पर्क नम्बर ..................

घ) हुलिया ..........................

ङ) नागरिकताको प्रमाण पत्र वा परिचय खुल्ने अन्य कागजातको प्रतिलिपी

१०. बालकमाथि कुनै अपराध भए सोको विवरण थप

क) कुटपिट ☐ ख) श्रम शोषण ☐

ग) यौन दुव्यबहार ☐ घ) बलात्कार ☐

ङ) गाली गलौज च) अन्य

११. सुरक्षासम्बन्धी व्यवस्था कामको प्रकृति हेरी शारीरिक दुर्घटना तथा स्वास्थ्यमा पर्न सक्ने हानिको रोकथाम गर्न व्यवस्थापन पक्षले उपलब्ध गराएको व्यवस्था..............................

१२. बालबालिकाको योग्यताको प्रमाण पत्र...............................

१३. अन्य कुनै कुरा उल्लेख गर्नुपर्ने भए ...............................

१४. अनुगमनकर्ताको राय : ...............................

............................... ...............................

............................... ...............................

१५. अनुगमनकर्ताको विवरण :

| सि.नं. | नाम थर | पद | कार्यालय/संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

शेर वहादुर पुन

प्रमख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका स्थानीय राजपत्र